# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७६।०९।१७

### शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ सुनसरी शाखाका पूर्वसभापति अग्रज पत्रकार याम प्रधानको ५३ वर्षको उमेरमा निधन भएको दुःखद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । लामो समयदेखि मिर्गौला रोगबाट पीडित प्रधानको इटहरी-९ भोजपुरे टोलस्थित निवासमा पुस १७ गते विहान ३:३० बजे निधन भएको हो । स्वर्गीय प्रधानका श्रीमती र छोरी हुनुहुन्छ ।

लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय प्रधानलाई नेपाल पत्रकार महासंघले २०७३ सालमा प्रेस स्वतन्त्रता सेनानी सम्मान प्रदान गरेको थियो । पूर्वको पत्रकारिता क्षेत्रमा छुट्टै पहिचान बनाएका प्रधानको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जना अनुभवी र निर्भीक पत्रकारलाई गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारणाको कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रमेश विष्ट
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org